# स्थानीय राजपत्र

## भाग-१

अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-१ मा सम्बन्धित)

## अपिहिमाल गाउँपालिका

खण्डः १ संख्या १२ मिति २०७६/६/१८

# अपिहिमाल गाउँपालिका संस्था दर्ता ऐन २०७६

**प्रस्तावना** : अपिहिमाल गाउँपालिका भित्र रहेका विभिन्न गैर सरकारी सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक,आर्थिक, व्यवसायिक,परोपकारी,वैज्ञानिक,शैक्षिक, बौद्धिक, शारीरिक संघ संस्था स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले अपिहिमाल गाउँपालिका गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "अपिहिमाल गाउँपालिका संस्था दर्ता ऐन २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक,आर्थिक, व्यवसायिक,परोपकारी,वैज्ञानिक,शैक्षिक, बौद्धिक, शारीरिक कार्यहरुको विकास एवं विस्तार गर्नको लागि स्थापना भएका संघ संस्था, क्लब,मंच, प्रतिष्ठान,परिषद,अध्ययन केन्द्र,कोष समिति आदि लाई सम्झनु पर्दछ।

(ख) "स्थानीय अधिकारी" भन्नाले गाउँपालिकाको प्रमुख कार्यकारी अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी सम्झनु पर्दछ।

(ग) "कार्यसमिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको कार्यसमिति वा संचालक समितिलाई सम्झनु पर्दछ।

(घ) "स्थानीय तह" भन्नाले अपिहिमाल गाउँपालिकालाई जनाउँने छ।

(ङ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ।

३. **दर्ता नगरी संस्था खोल्न नहुने** : यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संघ संस्था संचालन गर्न हुँदैन।

४. **संस्थाको दर्ता** : (१) संस्था स्थापना गर्न चाहने कुनै पनि सात वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्ने छ।

(क) संस्थाको नाम,

(ख) [illegible]

(ग) कार्यसमितिका सदस्यहरुको नाम,ठेगाना,

(घ) कार्यालयको ठेगाना ,

(ङ) आर्थिक श्रोत ।

(२) उप दफा (१) बमोजिमको निवेदन प्राप्त भएमा स्थानिय अधिकारीले आवश्यक जाँचबुझ
दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण पत्र दिनेछ ।

(३) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदक लाई दिनु
निवेदकले सूचना पाएको मितिले पैतिस दिन भित्र त्यस्तो निर्णय उपर गाउँकार्यपालिका समक्ष
सक्नेछ ।

(४) उप दफा (३) बमोजिम उजुर प्राप्त भएपछि गाउँकार्यपालिकाले आवश्यक छलफल गरी त्य
दर्ता गर्न मनासिब ठहराएमा सो संस्था दर्ता गर्न स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ
आदेश भए पछि स्थानीय अधिकारीले संस्था दर्ता गरिदिनु पर्दछ ।

(५) यस दफा अन्तर्गत दिईने प्रमाण पत्रको ढाँचा, अवधि, नविकरण र नविकरण दस्तुर तोकिए
हुनेछ ।

५. संगठित संस्था मानिने : (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तरा
स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न , उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नाम बाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सो
नालिस उजुर लाग्नेछ ।

६. संस्थाको सम्पत्ति : (१) संस्थाको कुनै पनि सम्पत्ति संस्थाको कर्मचारी,सदस्य वा कसैले पनि
विधान विपरित दुरुपयोग गरेमा, कब्जा गरेमा, रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति
गर्ने , कब्जा गर्ने, रोक्का राख्ने लाई कारवाही गरी त्यस्तो सम्पत्ति संस्थालाई फिर्ता गरिदिन सक्ने

(२) संस्थाको सदस्य, कर्मचारी वा कुनै पनि व्यक्तिले संस्थाको सम्पत्ति वा लिखत वा प्रतिष्ठा
अपराध वा हिनामिना गरेमा स्थानीय अधिकारीले प्रचलित कानुन अनुसार मुद्दाको कारवाही चलाउन

७. अघि दर्ता नभएर स्थापना भएका संस्था कानुनतः दर्ता गर्नु पर्ने : यो ऐन प्रारम्भ हुनु
संचालन भएका संस्था, क्लबहरु यो ऐन प्रारम्भ भएको मितिले ६ महिना भित्र यो ऐन बमो
गराउनु पर्ने छ ।

८. संस्थाको उद्देश्यमा हेरफेर : (१) संस्थाको उदेश्यमा हेरफेर गर्न आवश्यक देखेमा वा कुनै अर्को संस्थामा गाभ्नु पर्ने भएमा संस्थाको कार्य समितिले निर्णय गरी प्रस्ताव तयार गरी संस्थाको साधारणसभाबाट दुई तिहाई बहुमतबाट पारित गराउनु पर्दछ।

(२) उप दफा (१) अनुसार पारित भएको प्रस्ताव स्थानीय अधिकारीले स्वीकृत गरेपछी मात्र लागु हुनेछ।

९. हिसावको विवरण पठाउनु पर्ने : कार्य समितिले प्रत्येक वर्ष संस्थाको हिसावको विवरण लेखापरिक्षकको प्रतिवेदन सहित पत्येक वर्ष स्थानीय अधिकारीकहाँ पठाउनु पर्ने छ।

१० हिसाब जाँच गर्ने : (१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाव आफुले नियुक्त गरेको लेखापरिक्षकबाट संस्थाको हिसाब जाँच गराउन सक्नेछ।

(२) हिसाव जाँच गर्ने अधिकृतले माग गरेको विवरण तथा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य तथा कर्मचारीहरुको कर्तव्य हुनेछ।

(३) हिसाव जाँच गर्ने अधिकृतले तोकिएको समय भित्र हिसावको जाँच प्रतिवेदन बुझाउनु पर्नेछ। र सो प्रतिवेदनको आधारमा कुनै सम्पत्ति संस्थाको पदाधिकारी, कर्मचारी वा सदस्यहरुले हिनामिना गरेको वा दुरुपयोग गरेको देखिएमा स्थानीय अधिकारीले असुल उपर गर्ने वा आवश्यक कानुनी कार्वाही चलाउन सक्नेछ।

११. निर्देशन दिने : स्थानीय सरकारले तथा गाउँकार्यपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ।

१२. दण्ड सजाय : (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका सदस्य हरुलाई जनही रु १००० एक हजार का दरले जरिवाना गर्न सकिनेछ।

(२) दफा ९ अनुसार विवरण नबुझाएमा रु ५०० पाँच सय जरीवाना गर्न सकिनेछ।

(३) दफा १० बमोजिम हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण उपलब्ध नगराउने वा सोधेको जवाफ नदिने कर्मचारी पदाधिकारी वा व्यक्तिलाई स्थानीय अधिकारीले रु ५०० पाँच सय जरीवाना गर्न सक्नेछ।

१३. पुनरावेदन : दफा १२ बमोजिम स्थानीय अधिकारीले गरेको निर्णय उपर पैंतीस दिन भित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

१४. संस्थाको विघटन र त्यसको परिणाम : (१) संस्थाको विधान बमोजिम काम गर्न नसकेमा वा अन्य कारणबस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा स्थानीय सरकारको हुनेछ।

(२) उप दफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म स्थानीय सरकारले व्यहोर्ने छ।

१५. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न स्थानीय कार्यपालिकाले नियम बनाउन सक्नेछ।

१६. **खारेजी र बचाउ** : यो ऐन नेपालको संविधान , संघीय कानून तथा प्रदेश कानून संग बाझिएमा बाझिएको हद सम्म खारेज हुनेछ।

आज्ञाले,

नाम : लोकराज जोशी

प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँपालिका